स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता सुशील श्रेष्ठ र अभिनेत्री अञ्जना बराइलीले पहिलो पटक सहकार्य गरेको फिल्म 'परिवर्तन'को छायांकन सुरु भएको छ। झापा चारआलीस्थित पाथीभरा मन्दिरमा विशेष पूजा-अर्चना गर्दै फिल्मको छायांकन थालिएको हो। मुहूर्त समारोहमा सुशील र अञ्जनाले पहिलो सट दिएका थिए। ४० दिनका सेड्युलमा फिल्मको झापा, विराटनगर र इलाममा छायांकन गरिनेछ।

आजको विचार...



राजेन्द्र चटौत

राजनीतिमा...

(दुई पेजमा)



आगामी दशैंको फूलपाती अर्थात् असोज १३ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'बलिदान'का मुख्य अभिनेता सौगात मल्लको क्यारेक्टर लुक्स सार्वजनिक गरिएको छ। सार्वजनिक दुई पोस्टरमा उनी सशक्त र रहस्यमय अवतारमा देखिएका छन्। उनको शरीर बलिष्ठ देखिन्छ भने दाह्री र कपाल लामो छ। दुवै पोस्टरमा उनको अनुहारमा रिसको आवेग देख्न सकिन्छ। एक पोस्टरमा सौगातको एउटा आँखा कालो रङ्को छ।

❒ वर्ष ३० ❒ अंक ३१४ ❒ २०८२ जेठ २६ गते सोमबार 9 June 2025, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### हज यात्राका क्रममा १३ को मृत्यु

(रासस/एएफपी)

**तेहरान,** जेठ २५/साउदी अरबका पवित्र शहरहरूमा बढ्दो तापक्रमका बीच हज यात्राका क्रममा कम्तीमा १३ जना इरानी नागरिकको मृत्यु भएको इरानी सरकारी सञ्चारमाध्यमले शनिबार जानकारी दिएका छन् । इरानी रेड क्रिसेन्ट सोसाइटीको स्वास्थ्य तथा उपचार सञ्चालन एकाइले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "सन् २०२५ को हज यात्राका क्रममा शुक्रबार (जुन ६) सम्म मृत्यु भएका इरानी हज यात्रीको कुल सङ्ख्या १३ पुगेको छ ।" "हालैका दिनहरूमा साउदी अरबका पवित्र शहरहरूमा तापक्रम ४७ डिग्री सेल्सियस र सोभन्दा माथि पुगेको छ, जसले गर्दा हज यात्रीहरूले व्यापक गर्मीको सामना गर्नुपरेको छ," इरनाले भनेको छ । इर्नाका अनुसार यो बर्ष ८६ हजार ७०० इरानीहरू तीर्थयात्राका लागि साउदी अरब गएका छन् । गत वर्ष साउदी अरबको हज यात्रामा ५१.८ डिग्री सेल्सियस (१२५ डिग्री फरेनहाइट) तापक्रम मापन गरिएको थियो भने यात्राका क्रममा २२ इरानीसहित एक हजार ३०० भन्दा बढीको मृत्यु भएको थियो । अत्यधिक गर्मीका कारण शरीरको प्राकृतिक चिसोपना र प्रणालीहरू अस्तव्यस्त हुँदा समस्या उत्पन्न हुन्छ, जसले गर्दा चक्कर आउने र टाउको दुख्ने देखि अङ्गहरूले काम गर्न छोड्ने र मृत्यु हुनेजस्ता लक्षणहरू देखा पर्छ ।

## कालीगण्डकी डाइभर्सन

# सरोकारवाला भन्छन् 'गण्डकी सभ्यता बचाउन डाइभर्सन खारेज गर्नैपर्छ'

हाम्रा संवाददाता

**पाल्पा,** जेठ २५/पाल्पा, स्याङ्जा, तनहुँ र नवलपुर पूर्व नवलपरासीका सरोकारवालाहरुले गण्डकी सभ्यता बचाउन कालीगण्डकी तिनाउ डाइभर्सन खारेज गर्नुपर्ने बताएका छन् । कालीगण्डकी तिनाउ डाइभर्सन खारेजी तथा कालीगण्डकी सभ्यता बचाउ अभियानको आयोजना र रामपुर नगरपालिकाको समन्वयमा पाल्पाको रामपुरमा भएको कार्यक्रममा सहभागीहरुले कालीगण्डकी डाइभर्सन खारेज गर्नुपर्ने बताएका हुन् ।

सभ्यताको संरक्षणका लागि संघीय सरकारले अघि सारेको डाइभर्सनको योजना खारेज गर्दै कालीगण्डकी नदीको महिमा जोगाएर उच्चतम प्रयोग गर्नुपर्नेमा उनीहरुले जोड दिए । सरकारले कालीगण्डकी डाइभर्सन परियोजना, कालीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजना, उपल्लो कालीगण्डकी आयोजनाजस्ता परियोजना अघि बढाउँदा तल्लो तटीय



क्षेत्रमा जल संकट निम्तिने र सम्पदा क्षेत्रको विनास हुने भन्दै त्यसलाई जोगाउन सबै प्रतिबद्ध हुनुपर्ने बताएका छन् । कार्यक्रममा लुम्बिनी प्रदेश अर्थ, उद्योग तथा पर्यटन समितिका सभापति राजु प्रसाद श्रेष्ठले कालीगण्डकी तल्लो तटिय क्षेत्रका जनता डाईभर्सन हुनु हुँदैन भन्ने पक्षमा रहेको बताए । उनले लुम्बिनी प्रदेश सरकारले कालीगण्डकी डाईभर्सनको विषयमा नबोले पनि कालीगण्डकी सभ्यताको विकासको लागि धार्मिक तथा पर्यटन प्रवर्द्धनको योजना अघि सारेको बताए । कालीगण्डकी सभ्यताको विकासको लागि रामपुर चापाकोटलाई एकीकृत शहरको रुपमा विकास गर्न प्रदेश सरकारले नीति लिएको रेष्ठले बताए । उनले कालीगण्डकी डाइभर्सनको विषय लुम्बिनी र गण्डकी प्रदेशको साझा सवाल भएको बताउँदै केन्द्रमा बहस र छलफल गर्नु आवश्यक रहेको बताए । कालीगण्डकी तिनाउ डाइभर्सन खारेजी तथा कालीगण्डकी सभ्यता बचाउ अभियानका संयोजक एवं पूर्व सांसद शंकर प्रसाद पाण्डेले कालीगण्डकीलाई आमा मानेर बसेका स्थानीयको सहमति विना कहि लैजान नमिल्ने बताए । कालीगण्डकी गिट्टी बालुवा खोल्ने कुरामा अदालतले डाइभर्सन आयोजना अघि बढाउन फैसला गरे पनि स्थानीय सरकारसँग समन्वय नगरिकन आयोजना अघि बढ्न नसक्ने उनको जिकिर छ । कालीगण्डकी ज्ञान विज्ञान प्रतिष्ठानका अध्यक्ष चैतन्य कृष्ण महाराजले डाइभर्सन रोक्नका लागि कालीगण्डकी नदीको धार्मिक तथा सांस्कृतिक महिमा जागरण आवश्यक रहेको बताए । उनले भने, "पहिलो अधिकार तटिय क्षेत्रको हो । त्यसैले जनगरण अभियान सञ्चालन गर्नु आवश्यक छ ।" रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापाले कालीगण्डकी डाइभर्सन योजना अघि बढ्न नदिनका लागि तल्लो तटिय क्षेत्रका स्थानीयहरु जागरुक हुन आवश्यक रहेको बताए । डाइभर्सनले कालीगण्डकी सभ्यतासँगै पारिस्थितिक पद्धतिमा असर पर्ने भएकाले यो चिन्ताको विषय रहेको उनको भनाई छ । कार्यक्रममा रम्भा गाउँपालिकाका अध्यक्ष विष्णु प्रसाद भण्डारी, गैडाकोट नगरपालिकाका प्रमुख मदनभक्त अधिकारी, देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापा, बौदीकाली गाउँपालिकाका अध्यक्ष प्रकाश ओझा, गल्याङ नगरपालिकाका उपप्रमुख हेमा न्यौपाने तिमिल्सिना, घिरिङ गाउँपालिका उपाध्यक्ष राधादेवी अधिकारी, अभियन्ता कृष्ण प्रसाद पौडेल, रामपुर नगरपालिकाका सल्लाहाकार मित्रलाल कंडेल, घिरिङ १ का वडा अध्यक्ष रविचन्द्र घोरासैनी, नेपाली काँग्रेसका महाधिवेशन प्रतिनिधि गंगा कुमाल, नेपाली काँग्रेस रामपुरका उपसभापति क्याप्टेन देवबहादुर थापा मश्राङ्गी, नेकपा एमाले रामपुर नगर कमिटी अध्यक्ष लिल बहादुर गाहा, नेकपा माओवादी केन्द्रका लुम्बिनी प्रदेश कमिटी सदस्य कमलराज भट्टराई, एकिकृत समाजवादी रामपुरका अध्यक्ष फाणेश्वर गौतम, राप्रपा रामपुर नगर कमिटि अध्यक्ष राजेन्द्र ढकाल, राष्ट्रिय जनमोर्चा रामपुर नगर कमिटी अध्यक्ष राम प्रसाद गैरे, घिरिङ १ का रामप्रसाद श्रेष्ठ, गल्याङ ११ का कृषक सीता डुम्रे, कालीगण्डकी तिनाउ डाइभर्सन खारेजी तथा कालीगण्डकी सभ्यता बचाउ अभियानका संयोजक एवं पूर्व सांसद शंकर प्रसाद पाण्डे लगायतले कालीगण्डकी सभ्यता हाम्रो जीवनसँग जोडिएको बताउँदै कुनै पनि हालतमा डाईभर्सन हुन नहुने उल्लेख गरे ।

-बाँकी अन्तिम पेजमा...

## छुट्टाछुट्टै सवारी दुर्घटनामा चार जनाको मृत्यु

**पाल्पा,** जेठ २५/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा चार जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार गुल्मी, काठमाडौं, कैलालीका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा चार जनाको मृत्यु भएको हो ।

गुल्मीको सत्यवती गाउँपालिका-२ पहादीस्थित सडकमा जेसिबिको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ । बा.१ ख ९१५१ नम्बरको जेसिबिको ठक्करबाट पैदलयात्री सोही ठाउँकी ८४ वर्षीया जमुना पाण्डेको मृत्यु भएको हो । ठक्करबाट गम्भीर घाइते भएकी उनको लुम्बिनी मेडिकल कलेज प्रभासमा थप उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । रोकीराखेको जेसिबि आफै गुड्न गई उक्त दुर्घटना भएको थियो । प्रहरीले हाल फरार जेसिबि चालकको खोजी गरिरहेको छ । यस्तै काठमाडौं महानगरपालिका-६ रामहिटीस्थित सडकमा टिपरको ठक्करबाट अर्को एक पैदलयात्रीको मृत्यु भएको छ । बा.प्र.०१-००६ ख ५५०८ नम्बरको टिपरको ठक्करबाट पैदलयात्री सोही ठाउँका ५६ वर्षीय राजकुमार पौडेलको मृत्यु भएको हो । ठक्करबाट गम्भीर घाइते भएका उनको नेपाल मेडिकल कलेज अत्तरखेलमा उपचारको क्रममा मृत्यु भएको हो । प्रहरीले टिपर चालकलाई नियन्त्रणमा लिएको छ । यस्तै कैलालीको लम्कीचुहा नगरपालिका-१ भुरूवास्थित सडकमा सु.प.प्र.०१-००१ ह ५१४८ नम्बरको अटो अनियन्त्रित भई दुर्घटना हुँदा अटोमा सवार अटो चालकको नाती १० महिनाको आयुष साउँदको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको टिकापुर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका अटोमा सवार २ जनाको लालरत्न अस्पताल लम्कीमा उपचार भइरहेको छ । यसैगरी कैलालीकै धनगढी उपमहानगरपालिका-१३ मोहनपुरस्थित सडकमा धनगढीबाट अत्तरियातर्फ जाँदै गरेको सु.प.प्र ०१-०१२ प ४६४८ नम्बरको स्कुटर अनियन्त्रित भई आइतबार बिहान दुर्घटना हुँदा मोटरसाइकल चालक सोही उपमहानगरपालिका-७ मनेहरा बस्ने ३५ वर्षीय छोटेलाल चौधरीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको मायामेट्रो अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको हो ।

## रुपन्देही र पाल्पाका पालिकाकाबीच असल अभ्यासको थालनी

**लुम्बिनी,**जेठ २५/बुटवल उपमहानगर पालिकासँग सिमाना जोडिएका रुपन्देही र पाल्पाका छ वटा स्थानीय तहले सीमा क्षेत्रको समस्या समाधान तथा सहकार्य गर्न सहमति गरेका छन् । बुटवल उपमहानगरपालिकाले आयोजना गरेको अन्तरक्रियात्मक गोष्ठीपछि १० बुँदे सहमतिपत्रमा हस्ताक्षर गर्दै यी पालिकाले सहकार्य र संयुक्त अभ्यास गर्ने सहमति गरेका हुन् ।

रुपन्देहीका बुटवल उपमहानगरपालिका, तिलोत्तमा नगर पालिका, सैनामैना नगरपालिका, देवदह नगरपालिका, शुद्धोदन गाउँपालिका र बुटवलसँग सीमा जोडिएको पाल्पाको तिनाउ गाउँपालिकाले संविधानमा रहेका अधिकारका साझा सूचीका विषयमा सै




र प्रदेशबाट बन्नुपर्ने कानुनहरु यथाशीघ्र निर्माण गर्न सम्बन्धित निकाय र तहमा माग गर्ने निर्णय गरेका छन् । यस्तै पालिका तहका सरकारी तथा सार्वजनिक संरचना तथा भौतिक पूर्वाधार विकास निर्माणका लागि छिटोछरितो तवरबाट जग्गा उपलब्ध हुने व्यवस्था गर्न नेपाल सरकार र सम्बन्धित निकायसँग माग गर्ने निर्णय भएको बुटवल उपमहानगर पालिकाका प्रमुख खेलराज पाण्डेयले जानकारी दिए ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## आर्थिक अनुशासन कायम गर

देशका अधिकांस स्थानीय तहमा बेरुजु अत्याधिक रहेको पाइएको छ । महालेखा परीक्षकको आर्थिक वर्ष २०८०/८१ को प्रतिवेदनमा बेरुजु अत्याधिक रहेको देखिएको हो । स्थानीय तहमा बेरुजु बढ्दै जानुले स्थानीय तहको कमजोर वित्तीय अनुशासनलाई छर्लङ्ग पार्दछ । पाल्पाका १० वटा पालिकाहरुमा मात्र २० करोड ३८ लाख ९४ हजार बेरुजु देखिएको छ । सामान्य रूपमा लिन सकिँदैन । यस्तै बेरुजु रहने परम्पराले निरन्तरता पाइराख्ने हो भने भविष्यमा यसले ठूलो संकट निम्त्याउने स्पष्ट छ । समयमा नै स्थानीय सरकारलाई जवाफदेही नबनाउने हो र जथाभावी खर्च गर्ने परिपाटीलाई संस्थागत गर्दै जाने हो भने यसले संघीयतालाई नै कमजोर बनाउन सक्छ । मानवस्रोत तथा कानुनी आवश्यकतालाई समयमा नै व्यवस्थापन गर्ने विषयमा संघीय सरकारको ध्यान जान आवश्यक छ । उसो त संघीय सरकारमा पनि स्थानीय तहकै अवस्थामा बेरुजु रहेको पाइन्छ । सबै सेवाप्रवाहको बजेट स्थानीय तहमा जाने भएकाले पनि जनतासँग प्रत्यक्ष जोडिएको सरकारमा बेरुजु बढ्नुलाई स्वाभाविकरूपमा लिन सकिँदैन ।

अहिले मुलुकको काँधमा आर्थिक न्याय, समानता र समृद्धिसहित समाजवादको आधार निर्माण गर्ने अभिभारा स्थानीय सरकारलाई रहेको छ । त्यसैले स्थानीय सरकार सञ्चालनमा निष्पक्षता, मितव्ययिता, पारदर्शिता र आर्थिक अनुशासन कायम गर्न सकियो भने मात्रै संघीय लोकतान्त्रिक व्यवस्थाको जग मजबुत हुन्छ । जनतालाई निष्पक्ष सेवा प्रदान गरेर 'यो हाम्रो सरकार हो' भनेर नागरिकमा अनुभूति दिलाउनु स्थानीय सरकारको पहिलो दायित्व हो । यो दायित्व पूरा गर्न स्थानीय सरकार सञ्चालन प्रक्रिया आर्थिक अनुशासनसहित मितव्ययी र पारदर्शी हुनुपर्दछ । जसले स्थानीय सरकार लोकप्रिय त हुन्छन् नै, यसले सिङ्गो संघीय व्यवस्थालाई नै टेवा पुऱ्याउँछ । प्रदेश र संघले स्थानीय तहको कार्यसम्पादन मापन गर्न नसक्दा स्थानीय तहमा वित्तीय अराजकता फैलिएको छ । साँच्चीकै स्थानीय तहलाई जनता, राष्ट्र, संविधान र कानुनप्रति जवाफदेही बनाउन आर्थिक अनुशासन कायम गर्न जरुरी छ ।

## Opinion @ Social Network

समय, शक्ति, सम्पत्ति र शरीरले सधैँ साथ दिन सक्दैन
तर स्वभाव समझदारी र सच्चा सम्बन्धले सधै साथ दिन्छ ।
*(मनोज शर्माको फेसबुक स्टाटस https://www.facebook.com/Monoj.Sharma)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राजनीतिमा नैतिकताको सवाल



राजेन्द्र चटौत

*अन्तर्राष्ट्रिय मञ्चमा राष्ट्रको प्रतिष्ठा उच्च नैतिक धरातलमा निर्भर रहन्छ। नैतिकवान् राष्ट्रलाई विश्वले सम्मानको दृष्टिले हेर्दछ । संस्थागत विकास र दीर्घकालीन स्थायित्व नैतिकतामा आधारित निर्णय दूरगामी हितसंरक्षक हुन्छन् । क्षणिक स्वार्थ र अल्पकालीन लाभको प्रलोभन स्वतः न्यूनीकृत हुन्छ ।*

मूलधारका सञ्चारमाध्यम हुन् या सामाजिक सञ्जाल, आममानिस हुन् या राजनीतिक दलका कार्यकर्ता सबैतिर चर्चा चल्ने गरेको छ राजनीतिमा नैतिकताको स्खलन भयो । वर्तमान समयको यो एउटा निकै गम्भीर प्रश्न बनेको छ । नैतिकताको क्षयीकरणले राष्ट्रिय भविष्य नै अन्धकारमय तुल्याउँछ । कतिपयले नैतिकतालाई बुद्धिविलासको विषय मात्र बनाउँछन्, तर यो केवल बौद्धिक विलासको विषय होइन । हाम्रो सामूहिक अस्तित्वको ज्वलन्त प्रश्न हो । राजनीति समाज परिवर्तनको वैज्ञानिक कला हो । नैतिकताले मानवीय कार्यलाई सही दिशा प्रदान गर्दछ । यसको अभावमा राजनीति विकृत बन्न पुग्छ । राज्य सञ्चालन जनविश्वासमा आधारित हुनुपर्छ । विश्वासको जग नैतिकताले निर्माण गर्दछ । यो आलेख यही मर्मको विस्तृत उद्घाटन हो ।

**शासन-वैधता र जनआस्था** : नैतिक आचरणले राज्यसत्ताको औचित्य सिद्ध गर्दछ । शासकवर्गको निष्ठा निर्णयको प्राथमिक स्रोत बन्छ । पारदर्शिताले शासकीय कर्मलाई सार्वजनिक समीक्षा योग्य बनाउँछ । सरकारी अभिलेख जनसाधारणका लागि सहज पहुँचयोग्य हुनुपर्छ । प्रत्येक राजकीय गतिविधि जनचासोको परिधिमा स्पष्ट रहनुपर्छ । सार्वजनिक कोषको प्रयोगको विवरण नियमित सार्वजनिक गरिनुपर्छ । उत्तरदायित्वले शक्तिको दुरुपयोगलाई नियन्त्रण गर्दछ । संसदीय समिति, स्वतन्त्र पर्यवेक्षकले शासकीय कार्यको अनुगमन गर्नुपर्छ । शासक आफ्ना निर्णयप्रति पूर्णत: जवाफदेही हुनुपर्छ । उनीहरूले आफ्ना भूल स्वीकार्ने साहस देखाउनुपर्छ । यस्तो प्रणालीले नागरिकको आस्था आर्जन गर्दछ । राज्यसंयन्त्रप्रतिको अपनत्व र विश्वास सुदृढ हुन्छ । नागरिक सन्तुष्टिले सामाजिक सामञ्जस्य र राष्ट्रिय एकता बढाउँछ । जनसहभागिता वृद्धि हुन्छ, लोकतन्त्र सबल बन्छ ।

**न्याय-वितरण एवं समता-स्थापना** : नैतिक राजनीति सामाजिक न्यायको प्रमुख आधार हो । विधिको शासनले सबै नागरिकलाई समान दृष्टिले हेर्छ। कानून निर्माणको प्रक्रिया आग्रह, पूर्वाग्रहबाट मुक्त रहनुपर्छ । सबै सरोकारवालाको आवाज समेटिनुपर्छ। कानूनको कार्यान्वयन निष्पक्ष, समतामूलक ढंगले हुनैपर्छ। शक्तिशाली, पहुँचवालालाई विशेष छुट हुनुहुँदैन। न्याय प्रणाली सर्वसाधारणका लागि सुलभ, छरितो हुनुपर्छ । राज्यका स्रोत, अवसरको वितरण न्यायोचित प्रणालीमा आधारित हुन्छ । योग्यता, आवश्यकता र सामाजिक न्याय विकासका मापदण्ड बन्छन् । वञ्चितीकरण, असमानताको उन्मूलन नैतिक संकल्प विना असम्भवप्राय: छ । सीमान्तकृत समुदायको उत्थान राज्यको प्राथमिकता हुनुपर्छ । शिक्षा, स्वास्थ्य, रोजगारीमा समतामूलक पहुँच सुनिश्चित गरिनुपर्छ । न्यायपूर्ण समाजले राष्ट्रिय अखण्डता, सार्वभौमिकतालाई संवर्धन गर्दछ। प्रत्येक नागरिकले राज्य मेरो हो भन्ने अनुभूति गर्नुपर्छ ।

**राष्ट्रिय चरित्र र सांस्कृतिक उत्कर्ष** : नेतृत्वको व्यवहारले राष्ट्रको समग्र चरित्र प्रतिबिम्बित गर्दछ । नेतागण नैतिक आदर्शका जीवन्त दृष्टान्त हुनुपर्दछ । उनीहरूको व्यक्तिगत जीवन सार्वजनिक नैतिकताको कसीमा खारिनुपर्छ। उच्च नैतिक चरित्रले समाजमा सकारात्मक मूल्यको स्थापना गर्दछ । नागरिक जीवनमा इमानदारी, कर्तव्यपरायणताको सम्मान हुन्छ । सत्कर्म पुरस्कृत हुन्छ, दुराचार निरुत्साहित हुन्छ । भावी सन्ततिलाई यी गुणले प्रेरित गर्दछन् । युवा पुस्तामा नैतिक आदर्श स्थापित हुन्छ। राष्ट्रको नैतिक पूँजी नै यसको दिगो सम्पत्ति हो । यो पूँजी भौतिक सम्पत्तिभन्दा धेरै मूल्यवान् हुन्छ । अन्तर्राष्ट्रिय मञ्चमा राष्ट्रको प्रतिष्ठा उच्च नैतिक धरातलमा निर्भर रहन्छ। नैतिकवान् राष्ट्रलाई विश्वले सम्मानको दृष्टिले हेर्दछ । संस्थागत विकास र दीर्घकालीन स्थायित्व नैतिकतामा आधारित निर्णय दूरगामी हितसंरक्षक हुन्छन् । क्षणिक स्वार्थ र अल्पकालीन लाभको प्रलोभन स्वत: न्यूनीकृत हुन्छ । नीतिनिर्माण तथ्य, तथ्याङ्क र व्यापक परामर्शमा आधारित हुन्छ । भ्रष्टाचार संस्थागत विकासको महाशत्रु हो । यो क्यान्सर जस्तै समाजमा फैलिन्छ । नैतिक अनुशासनले आर्थिक अनियमितता, अपराध घटाउँछ । सार्वजनिक सम्पत्तिको संरक्षण, स्रोतको सदुपयोग सुनिश्चित हुन्छ। विकास-निर्माणका कार्य गुणस्तरीय, समयबद्ध रूपमा सम्पन्न हुन्छन् । अनावश्यक खर्च कटौती हुन्छ, मितव्ययिता अपनाइन्छ । सामाजिक शान्ति, सद्भाव कायम रहँदा आन्तरिक द्वन्द्वका कारक कमजोर बन्छन् । गुनासाको सम्बोधन न्यायपूर्ण तरिकाले गरिन्छ । राजनीतिक स्थिरताले आर्थिक, सामाजिक प्रगतिलाई गति प्रदान गर्छ । राष्ट्र आत्मनिर्भरता, समृद्धि र समुन्नतिको मार्गमा अग्रसर हुन्छ ।

**राजनीतिक नैतिकताका दार्शनिक आयाम** : राजनीतिक नैतिकताको अवधारणा विविध दर्शनशास्त्रका सिद्धान्तबाट पोषित छ । पूर्वीय र पाश्चात्य दुवै परम्परामा यसको गहिरो वैचारिक जरा पाइन्छ ।

**पूर्वीय दर्शन-परम्परामा राजधर्म** : कौटिल्यको 'अर्थशास्त्र' राजनीतिक चिन्तनको उत्कृष्ट कृति हो । यसमा राजधर्म, दण्डनीति, कूटनीति र अर्थनीतिको नैतिक पक्ष विश्लेषण गरिएको छ । 'प्रजासुखे सुखं राज्ञः प्रजानां च हिते हितम्' उनको मूल मन्त्र थियो । शासकको प्रज्ञा, आत्मसंयम, न्यायप्रियता जस्ता गुण अनिवार्य मानिएका छन् । इन्द्रिय विजय, काम, क्रोध, लोभ, मोह, मद, मात्सर्यको त्याग आवश्यक ठानिएको छ । महाभारतको शान्तिपर्व राजधर्मको विस्तृत व्याख्यान हो । युधिष्ठिरलाई भीष्मले दिएको उपदेशमा सत्य, अहिंसा, त्याग र प्रजाहितलाई सर्वोच्च स्थान दिइएको छ । राजा केवल प्रजाको सेवक, रक्षक हो । मनुस्मृति, शुक्रनीति जस्ता ग्रन्थले पनि शासकका नैतिक कर्तव्य निर्धारण गरेका छन् । दण्डको प्रयोग न्यायपूर्ण, निष्पक्ष हुनुपर्ने उल्लेख छ । बौद्ध दर्शन अन्तर्गत 'धम्मपद' र जातक कथामा आदर्श चक्रवर्ती राजाका गुण वर्णित छन् । दश राजधर्मको पालना उनको कर्तव्य थियो । जैन दर्शनले राजनीतिमा अहिंसा, अपरिग्रह र अनेकान्तवादको महत्व दर्शाउँछ । यी चिन्तनले राजनीतिको साध्य र साधन दुवैको पवित्रतामाथि जोड दिएका छन्। शासक 'लोकसेवक' हो भन्ने भावना प्रबल छ । पाश्चात्य दर्शनमा राजनीतिक नैतिकताको विकासक्रम प्लेटोको 'रिपब्लिक' आदर्श राज्यको परिकल्पना प्रस्तुत गर्ने आधारभूत ग्रन्थ हो। 'दार्शनिक राजा' को अवधारणाले विवेक, न्याय र ज्ञानलाई शासनको केन्द्रमा राख्छ । शासक व्यक्तिगत सम्पत्ति, परिवारबाट मुक्त हुनुपर्ने उनको विचार थियो । अरस्तुले 'पोलिटिक्स' मा 'सद्‌गुणी नागरिक' र 'उत्तम संविधान' को तादात्म्यमा जोड दिएका छन् । उनले कानूनको शासनलाई व्यक्तिको शासनभन्दा उत्तम माने । प्राकृतिक कानूनको सिद्धान्त (स्टोइक दर्शनदेखि थोमस एक्विनाससम्म) ले शाश्वत नैतिक मान्यतालाई राजनीतिको आधार मानेको छ । म्याकियाभेलीले 'द प्रिन्स' मा राज्यहितका लागि नैतिक सीमा उल्लंघन गर्न सकिने यथार्थवादी (तर विवादास्पद) विचार राखे । यो विचारले 'साध्यले साधनलाई उचित ठहऱ्याउँछ' भन्ने मान्यतालाई बल पुऱ्यायो । तथापि, थोमस हब्स, जोन लक र जाँ-ज्याक रुसोले सामाजिक अनुबन्धनको सिद्धान्त मार्फत राज्यको नैतिक आधार खोजे । राज्य नागरिकको सहमतिमा आधारित हुनुपर्ने तर्क गरे । इमानुएल कान्टको 'कर्तव्यविमर्श' ले राजनीतिक कार्यको नैतिक मूल्याङ्कनका लागि सार्वभौम सिद्धान्त प्रस्तुत गऱ्यो । कुनै कार्य त्यसको परिणामले होइन, नियतले नैतिक हुन्छ । जेरेमी बेन्थम र जोन स्टुअर्ट मिलको उपयोगितावादले 'अधिकतम व्यक्तिको अधिकतम सुख' लाई राजनीतिक निर्णयको आधार मान्यो । जोन रल्सले 'अ थ्यौरी अफ जस्टिस' मा 'अज्ञानताको पर्दा' को काल्पनिक स्थितिबाट न्यायका सिद्धान्त निष्कर्षित गरे । उनले न्यायलाई पहिलो सद्‌गुणका रूपमा स्थापित गरे । कमजोर वर्गको हितलाई प्राथमिकता दिनुपर्ने उनको धारणा थियो । यी विविध दार्शनिक दृष्टिकोणले राजनीतिक नैतिकताको सैद्धान्तिक धरातललाई अत्यन्त उर्वर बनाएका छन् ।

**समकालीन नैतिक द्वन्द्व एवं चिन्तन** : वर्तमान लोकतान्त्रिक युगमा नयाँ नैतिक चुनौती र द्वन्द्व देखा परेका छन्। राष्ट्रिय स्वार्थ र विश्वव्यापी मानवतावाद बीचको सन्तुलन जटिल प्रश्न हो । आप्रवासन, शरणार्थी समस्याले नैतिक बहस जन्माएका छन् । वातावरणीय नैतिकताले राजनीतिक निर्णय प्रक्रियामा दीर्घकालीन पर्यावरणीय प्रभावलाई केन्द्रमा राख्न माग गर्दछ । अन्तरपुस्ता न्यायको अवधारणा महत्वपूर्ण बनेको छ । स्वतन्त्र, निष्पक्ष र खोजमूलक पत्रकारिताले राजनीतिक विकृति उजागर र नैतिक राजनीतिको पक्षमा जनमत निर्माण गर्न सहयोग गर्दछ । मिडियाले आत्म-नियमन र व्यावसायिक नैतिकताको पालना गर्नुपर्छ। राजनीतिमा नैतिकताको प्रश्न केवल बौद्धिक विलासको विषय होइन। यो राष्ट्रको अस्तित्व, विकास र भविष्यसँग अविच्छिन्न रूपले गाँसिएको छ। नैतिक मूल्यको क्षयीकरणले राजनीतिक प्रणालीलाई खोक्रो बनाउँछ। यसले सामाजिक न्याय, समानता र नागरिक अधिकारको उपहास गर्दछ । तसर्थ, राजनीतिको शुद्धीकरण निरन्तरको नैतिक आन्दोलन हो। यसका लागि दार्शनिक अन्तर्दृष्टि, संस्थागत सुधार, नेतृत्वको प्रतिबद्धता र नागरिक जागरणको त्रिवेणी आवश्यक छ। हरेक नागरिकले राजनीतिको नैतिक धरातललाई सुदृढ गर्न आफ्नो भूमिका निर्वाह गर्नुपर्छ । किनकि नैतिकवान् राजनीति नै सभ्य, सुसंस्कृत र समृद्ध समाज निर्माणको अपरिहार्य आधार हो । यस यात्रामा आउने चुनौतीको सामना गर्दै, सम्भावनाको सदुपयोग गर्दै उत्तरदायी र नैतिक राजनीतिक संस्कृतिको निर्माण गर्नु नै आजको परम आवश्यकता हो । नेपालको सन्दर्भमा यो झनै सान्दर्भिक देखिन्छ । नैतिक पुनर्जागरण विना वास्तविक परिवर्तन सम्भव छैन। यो हाम्रो वर्तमान दायित्व हो, भावी पुस्ताको नैसर्गिक अधिकार हो । चयन अब हाम्रो हो: मौन द्रष्टा बन्ने वा सक्रिय परिवर्तनकर्ता ? समयले हामीबाट नैतिक साहसको अपेक्षा गरेको छ । ***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : पेशामा प्रतिभाको उचित मूल्यांकन मिल्नेछ। राजनीतिक प्रभाव बढ्नेछ। | **तुला** : व्यवसायमा लाभ मिल्नेछ। कार्यक्षेत्रमा नयाँ अवसरले उत्साह जगाउनेछ। |
| **वृष** : विद्यार्थीहरूको अध्ययनमा प्रगति हुनेछ। स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। | **वृश्चिक** : आर्थिक पक्ष सामान्य रहनेछ। गलत निर्णयले विवाद निम्त्याउन सक्छ। |
| **मिथुन** : रोकिएका कामहरू प्रारम्भ हुनेछन्। श्रमकाे उचित प्रतिफल मिल्नेछ। | **धनु** : आर्थिक पक्ष सामान्य रहनेछ । गलत निर्णयले विवाद निम्त्याउन सक्छ। |
| **कर्कट** : समाजमा मान प्रतिष्ठा बढ्नेछ। विश्वासपात्रबाट धोखा मिल्नेछ। | **मकर** : पेशामा लिएको निर्णयको प्रशंसा हुनेछ।आर्थिक पक्षमा हानिका योग छन्। |
| **सिंह** : आर्थिक पक्षमा पिताको सहयोग मिल्नेछ। कानुनी मुद्दा मामलामा सफलता मिल्नेछ। | **कुम्भ** : कार्यक्षेत्रमा नयाँ जिम्मेवारी मिल्नेछ। प्रेम सम्बन्ध कसिनेछ । |
| **कन्या** : कानुनी मुद्दा मामलामा सफलता मिल्नेछ। व्यापार व्यवसायमा लाभ रहनेछ। | **मीन** : प्रतियोगी परीक्षामा सफलता मिल्नेछ। बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। |

# शिक्षा

## त्रिविले फास्ट ट्र्याकबाट कसरी नियुक्त गर्दैछ प्रोफेसर ?



त्रिभुवन विश्वविद्यालय सेवा आयोगले पहिलो पटक ठुलो सङ्ख्यामा फास्ट ट्र्याकमार्फत प्रोफेसर नियुक्त गर्ने तयारी गरेको छ । १० जना प्राध्यापक, २० जना सहप्राध्यापक र १०० जना उपप्राध्यापक गरी १३० जना फास्ट ट्र्याकमार्फत नियुक्त गर्न लागिएको हो । उनीहरूको लिखित परीक्षा नभई अन्तर्वार्ताको आधारमा नियुक्ति गरिनेछ । त्रिवि सेवा आयोगका पूर्व अध्यक्ष तथा त्रिवि कार्यकारी परिषद् सदस्य प्रा.डा लालुप्रसाद पौडेलले अनुसन्धान विशिष्टतामा आधारित पदमा विद्यावारिधि न्यूनतम योग्यता हुने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विशिष्टीकृत जर्नलमा अनुसन्धानमूलक लेख प्रकाशित भएको हुनुपर्ने जस्ता मापदण्ड तोकिएको बताए । उक्त विषयमा पुस्तक प्रकाशित भएको हुनुपर्ने, आृनै कुनै अनुसन्धानमूलक तथा प्रवर्तनात्मक उत्पादन रजिष्ट्रर (दर्ता) भएको हुनुपर्ने बताउँदै अध्ययन/अनुसन्धानमा लामो समयसम्म क्रियाशील सक्षम व्यक्तित्व र अनुसन्धानकर्ता मात्रै छनौट भएर आउने बताए । यसरी नियुक्त गरिने प्रोफेसरहरूको योग्यता, क्षमता र विशेषज्ञतामा कुनै पनि शङ्का नगर्न सबैमा अनुरोध गरे । त्रिविले यसअघि अनुसन्धान विशिष्टतामा आधारमा २०७३ असोज ५ गते पहिलो पटक र २०७६ पुस ३ मा दोस्रो पटक विज्ञापन आह्वान गरेको थियो । सोही सफल अभ्यास अनुसार नै यो पटक ठुलो सङ्ख्यामा नियुक्त गरिन लागिएको त्रिविले जनाएको छ । त्रिविका प्राध्यापकहरूले भने उक्त विज्ञापनको विरोध गरेका छन् । प्रचलित मान्यता विपरीत तथा सेवारत प्राध्यापकहरूको वृत्ति विकासमा असर पर्ने गरी विज्ञापन प्रकाशित गरिएको भन्दै विश्वविद्यालयमा अध्यापनरत विभिन्न ६ प्राध्यापक सैहरूले आपत्ति जनाएका हुन् । विश्वविद्यालयका म्यादी पदाधिकारीले पेसागत सैका मागहरूलाई बेवास्ता गरेको आरोप लगाएका छन् । त्रिविमा गत चार वर्षयता प्राध्यापकहरूको आवधिक बढुवाको विज्ञापन भएको छैन । वर्तमान नेतृत्वले प्राकृतिक सिद्धान्तअनुरूप कार्य नगरी स्वार्थको घेराबन्दीभित्र रही मनोगत रूपमा दरबन्दी सिर्जना गरेको उनीहरूको आरोप छ । त्रिविका रिक्त दरबन्दीको पदपूर्ति निश्चित मापदण्ड, आधार र पिरामिड खुल्ने गरी प्राध्यापकको पदोन्नति एवम् स्थायी प्रक्रिया तत्काल अघि बढाउन माग गरेका छन् । आयोगले 'त्रिभुवन विश्वविद्यालय अनुसन्धानात्मक विशिष्टताको आधारमा खुला प्रतियोगिताद्वारा शिक्षकहरूको नियुक्तिको सिफारिस सम्बन्धी विनियम, २०८२' अनुसार नियुक्ति गर्न लागेको हो । आयोगले आवेदनकर्ताहरूबाट प्रारम्भिक छनोट गर्नेछ । त्यसका लागि आवेदनकर्ताहरूको अनुसन्धान तथा कृति प्रकाशनको लागि तोकिएको न्यूनतम निरपेक्ष अङ्क प्राप्त गर्ने उम्मेदवारहरूका सूची बनाई प्रारम्भिक छनोटमा परेका उम्मेदवारहरूको सूची प्रकाशित गर्नेछ । प्रारम्भिक छनोटको चरणमा उम्मेदवारहरूको प्राप्ताङ्क भने प्रकाशित गरिने छैन । त्यसपछि अन्तर्वार्ता हुनेछ । अन्तर्वार्ताको प्रक्रिया र मूल्याङ्कनपछि सिफारिस गर्नेछ । सेवा आयोगमा पेस भएका कागजात फिर्ता नगर्ने व्यवस्था गरिएको छ । तर, आवेदन फारमसँगै दाखिला भएका अनुसन्धान र अन्य कृतिहरू नतिजा प्रकाशन भएको ४५ दिन पश्चात् सम्बन्धित आवेदकलाई फिर्ता दिन सकिनेछ । यसरी अनुसन्धानात्मक विशिष्टताको आधारमा गरिने नियुक्तिका लागि न्यूनतम पीएचडीको उपाधि हुनुपर्नेछ । प्राध्यापक र सहप्राध्यापकको हकमा सम्बन्धित विषयमा स्नातकोत्तर गरी कुनै पनि विषयमा विद्यावारिधि (पीएचडी)/एमडी, एमसीएच उपाधि प्राप्त गरेको हुनुपर्नेछ । उनीहरूले नेचर इण्डेक्स वा क्यू १ जर्नलमा प्रथम लेखक भई कतिमा दुई वटा अनुसन्धान लेख प्रकाशित गरेको हुनुपर्ने मापदण्ड तोकिएको छ । त्यस्तै उपप्राध्यापकका लागि समेत कुनै विषयमा विद्यावारिधि (पीएचडी)/एमडी/एमसीएच उपाधि प्राप्त गरेको हुनुपर्नेछ । भने क्यू-३ वा क्यू-२ वा क्यू-१ जर्नलमा प्रथम लेखक भई कम्तीमा एउटा अनुसन्धान लेख प्रकाशन गरेको हुनुपर्नेछ । त्यसरी सिफारिस गर्नका लागि २०० पूर्णाङ्क विभाजन गरेर अनुसन्धान तथा कृति प्रकाशनमा १५० (सापेक्षिक अङ्क), शिक्षण सेवा/अनुसन्धान कार्य अनुभवमा १०, शोध निर्देशन/शोध अनुसन्धान पुरस्कारमा २०र अन्तर्वार्ताका लागि २० पूर्णाङ्क तोकिएको छ । आवेदन दिने उम्मेदवारहरूको लागि निर्धारित पूर्णाङ्क (२००) मा प्राध्यापक पदमा ७० प्रतिशत (१४०), सहप्राध्यापक पदमा ६५ प्रतिशत (१३०) र उपप्राध्यापक पदमा ६० प्रतिशत (१२०) भन्दा कम अङ्क प्राप्त गरेका उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गरिने छैन । भविष्यमा सरकारी सेवा वा विश्वविद्यालय सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको व्यक्ति, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको व्यक्ति, गैरनेपाली नागरिक, प्राध्यापक र सहप्राध्यापक पदका लागि ५० वर्ष ननाघेको, उपप्राध्यापक पदका लागि ४५ वर्ष नाघेको व्यक्तिले आवेदन दिन नपाउने आयोगले जनाएको छ । त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा खड्ग केसीले अनुसन्धान विशिष्टतामा विभिन्न तहका प्राध्यापक भित्र्याउने उच्च शिक्षामा प्रचलित विश्वव्यापी परम्परा रहेको बताए । सोही अनुसार अनुसन्धान र नवप्रवर्तनको क्षेत्रमा निरन्तर क्रियाशील दक्ष व्यक्तिलाई विश्वविद्यालय सेवामा संलग्न गराउन लागिएको बताए । विद्यावारिधि न्यूनतम योग्यता हुने हुँदा तलवी अध्ययन बिदा दिई करोडौँ खर्च गर्नुनपर्ने, देश विदेशका विभिन्न प्रतिष्ठित विश्वविद्यालयमा अध्ययन तथा अनुसन्धान गरेका अनुभवले उच्च शिक्षालाई ज्ञान उत्पादनको केन्द्र बनाउन सहज हुने उनको भनाइ छ । विश्वविद्यालयको गुणस्तर तथा विश्व वरियताक्रममा सुधार हुनुका साथै विश्वविद्यालयको शैक्षिक तथा अनुसन्धानात्मक संस्कृतिमा परिवर्तन हुने मुलुकै उच्चशिक्षामा गुणस्तरीय सुधार हुने उपकुलपति केसीले बताए । त्रिविले एक जना शिक्षक कर्मचारीलाई पाँच वर्षे अध्ययन बिदा दिँदा ४५ लाख खर्च हुने गरेको त्रिविले जनाएको छ । १३० जना प्राफेसरहरू पीएचडी गरेर आएका हुने हुँदा उनीहरूलाई अध्ययन बिदा नचाहिने विश्वविद्यालयको बुझाइ छ । जसले गर्दा विश्वविद्यालयको ५८ करोड ५० लाख रुपैयाँ बचत हुने उपकुलपति केसीले बताए । *-रातोपाटी डटकम*

## दृष्टिविहीनलाई नि:शुल्क आवासीय शिक्षा



तनहुँको व्यास नगरपालिका-१० बैरेनीस्थित चण्डीदेवी राष्ट्रिय माध्यमिक विद्यालयमा दृष्टिविहीन अपाङ्गता भएका सात जनालाई नि:शुल्क आवासीय शिक्षाको व्यवस्था गरिएको छ । दृष्टिविहीन विद्यार्थीलाई सहज रुपमा अध्ययन गर्न पाउने वातावरण सिर्जना गर्न विद्यालयमा आवासीय कक्षा सञ्चालन गरिएको प्रधानाध्यापक रामचन्द्र पोखरेलले बताए । उनीहरूलाई ब्रेल पाठ्यपुस्तकको व्यवस्था पनि गरिएको छ । अपाङ्गता अधिकारकर्मी ईश्वर बास्तोलाले दृष्टिसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई शिक्षाको उज्यालोबाट वञ्चित हुन नदिन आवासीय अध्यापनको व्यवस्था मिलाइएको बताए । हाल व्यास नगरपालिकाले विद्यालयलाई प्रतिविद्यार्थी रु ५० हजारका दरले १० महिनाका निम्ति अनुदान उपलब्ध गराएको छ । *-रासस*

## बागलुङमा 'आमा शिक्षा' कार्यक्रम



झोलामा किताब, कापी, हातमा पानीको बोत्तल । झट्ट हेर्दा नातीनातिना विद्यालय पु¥याउन आएकाजस्ता देखिने बागलुङका १० जना आमा यतिबेला आफैँ कखरा सिक्दै छन् । विद्यालयमा विद्यार्थीको सङ्ख्या घटेर न्यून भएपछि आमालाई विद्यालयमा भर्ना गरिएको हो । सरकारले २०७० सालमा 'साक्षर हाम्रो अधिकार' भन्ने नाराका साथ सञ्चालित 'साक्षरता नेपाल अभियान'अन्तर्गत प्रौढशिक्षा कार्यक्रम सञ्चालन गरेर बागलुङ जिल्लालाई निरक्षरमुक्त जिल्ला घोषणा गरेको छ । बागलुङ सदरमुकामबाट १० मिनेटको दूरीमा पुगिने बागलुङ नगरपालिका-३ खहरेका १० जना आमा भर्खर कखरा सिक्दै छन् । उनिहरु आृनो नाम लेख्न सक्षम भएका छन् । खहरेको वसन्धरा प्राथमिक विद्यालयले व्यवस्थापन समिति र प्रधानाध्यापकसमेतको संयोजनमा 'आमा शिक्षा कार्यक्रम' सञ्चालन गरेको छ । सोही कार्यक्रमअनुसार पहिले अक्षर चिनेका तीन जना आमा कक्षा २ र अक्षर नै नचिनेका सात जना आमा कक्षा १ मा भर्ना भएका छन् । कक्षा ३ सम्म अध्यापन हुने विद्यालमा अहिले जम्मा १६ जनामात्रै विद्यार्थी छन् । १० जना आमा थपिएपछि २६ जना पुगेका छन् । विद्यालय जाने उमेरका यो गाउँका बालबालिका सदरमुकामका निजी विद्यालयमा जान थालेपछि विद्यालय जोगाउन आमा साक्षरता कार्यक्रम चलाइएको विद्यालयको प्रधानाध्यापक सरिता उप्रेती पाण्डेले जानकारी दिए । विद्यालयमा विद्यार्थीको सङ्ख्या न्यून नभएपछि विद्यालय व्यवस्थापन समितिले निर्णय नै गरेर अभिभावक पढाउन सुरु गरेको हो । घरधन्दा सकेर किताब र कापी बोकी विद्यालय पुग्ने उनिहरु साँझ बिहान नातीनातिनासँगै गृहकार्य गर्ने गरेको बताउन्छन् । छपन्न वर्षमा कक्षा १ मा भर्ना भएकी खिमकुमारी कार्की गाउँमा प्रौढकक्षामा आफूले पढ्न नपाएको भए पनि 'आमा शिक्षा कार्यक्रम'ले पढ्ने चाहना पूरा गरिदिएको बताए । अहिले फोटो हेरेर फोन गर्छु उनले भने, अक्षर चिनेपछि विदेशमा भएका छोरालाई आफैँले अक्षर चिनेर फोन गर्ने इच्छा छ । किताब र कापी च्यापेर विद्यालय जाँदा फुरुङ्ग उनि धुलोमैलो र माटाको स्कुल अहिले सिमेन्ट र कार्पेट बिछ्याउँदा विद्यार्थी घटेर विद्यालय बन्द हुने अवस्थामा पुगेकामा चिन्तित छन् । लबहादुर खत्री लामो समय विद्यालय व्यवस्थापन समितिको अध्यक्ष रहेको विद्यालय विद्यार्थी घटेर सङ्कटमा परेपछि विद्यालय जोगाउन आफैँले पढ्न सुरु गरेको ६० वर्षीया मीनाकुमारी खत्रीले बताईन् । अक्षर नचिनेका आमाहरुलाई पढ्नेलेख्ने बनाउनु राम्रो काम भए पनि पढ्ने उमेरका बालबालिका विद्यालयमा थोरै हुनु दु:खद् भएको विद्यालयका प्रधानाध्यापक सरिता उप्रेती पाण्डे बताउन्छन् । बालशिक्षामा बर्सेनि १२ जनाभन्दा बढी बालबालिका भर्ना भए पनि १ कक्षा पुग्नेबेलामा विद्यार्थी सङ्ख्या शून्य हुने गरेको उनले जानकारी दिए ।

*-रासस*

## 'एक नम्बर' बनेको ६३ वर्ष पुरानो सामुदायिक स्कुल

'खै त भ्रमण ? पहिला त ठूला-ठूला भाषण दिनुहुन्थ्यो । अहिले लाज लाग्दैन ? यसरी झुक्क्याउन पाइन्छ? आफूलाई मन लागेको कुरा मात्र गर्ने, हाम्रो मन हुँदैन ?' जाजरकोटको दशेरास्थित जनप्रिय माविका विद्यार्थीको गुनासो पढ्दा जति 'अप्रिय' सुनिन्छ, त्यसभित्रका हरेक शब्दमा बालबालिकाको मनको भावना प्रतिबिम्बित हुन्छ । मैले प्रधानाध्यापक जयबहादुर थापालाई सोधेँ, 'गुनासो पत्रमा त विद्यार्थीको आक्रोशको ज्वाला देखिन्छ नि ?' उनको जबाफ थियो, 'यस्तै समस्या सुन्न गुनासो पेटिका राखेका हौं। विद्यार्थीले गाली नै गरे पनि उपहारजस्तो लाग्छ । यसबाट विद्यार्थीले हामीलाई मौखिक रूपमा भन्न नसकेका समस्या पहिचान गरी समाधान गर्न सहज भइरहेको छ ।' सरकारले विद्यालय हाताभित्र, विद्यालय आउँदा-जाँदा, घरपरिवार र समुदायमा बालबालिकाले भोग्नुपरेका समस्या, सबै प्रकारका भेदभाव, हिंसा, दुर्व्यवहार, बेवास्ता वा हेलचेक्र्याइँ, शारीरिक तथा मानसिक दण्ड-सजाय लगायतको रोकथामका लागि 'गुनासो सुनुवाइ कार्यविधि २०७४' बनाएको छ । देशका अधिकांश सामुदायिक स्कुलमा यसको कार्यान्वयनको अवस्था निकै कमजोर छ । जाजरकोटको छेडागाडमा मैले केही फरक देखेँ । चैत अन्तिम साता छेडागाड नगरपालिकामा रहेका १२ स्कुलको अवस्था अध्ययन गरेको थिएँ । तीमध्ये जनप्रिय माविको विद्यार्थीका गुनासो सुन्ने र सुनुवाइ गर्ने तत्परता अनुकरणीय लाग्यो ।'विद्यार्थीले शिक्षक वा प्रधानाध्यापकसँग सिधै भन्न नसकेका समस्या लेखेर गुनासो पेटिकामा खसाल्छन' प्रधानाध्यापक जयबहादुरले भने, 'अधिकांश गुनासाहरू शिक्षक र प्रधानाध्यापकसँग सम्बन्धित हुन्छन्, तैपनि हामी तिनलाई सकारात्मक रूपमा ग्रहण गर्दै समाधानका लागि पहल गर्छौं ।' उनका अनुसार तत्काल समाधान गर्न सकिने गुनासाहरू पेटिका खोलेकै दिन गुनासो सुनुवाइ समितिले विद्यालय प्रशासनलाई मौखिक जानकारी गराउँछ। प्रधानाध्यापकले एक-दुई दिनभित्रै समाधान गरिदिन्छन् । स्रोतसाधन र विधि-प्रक्रियासँग सम्बन्धित गुनासाहरू क्लबकी उपाध्यक्ष सिर्जना वरले पुष्पाको भनाइमा सही थापिन्, 'क्लबको अगुवाइमा साहस बटुलेर हेडसरलाई समस्या सुनाइहाले पनि वास्ता हुँदैन, अनि किन भन्नु ?' पुष्पाका अनुसार ९ र १० कक्षाका विद्यार्थीका लागि कक्षाकोठामा बेन्चको अभाव छ । २०८१ मा ९ कक्षामा ९० जना र १० कक्षामा ९४ जना विद्यार्थी भए पनि सेक्सन विभाजन गरिएन । एउटै बेन्चमा ५-६ जना अटसमटस भएर बस्नुपर्ने बाध्यता हुन्छ । होहल्लाले पछाडि बस्ने विद्यार्थीले शिक्षकले पढाएको सुन्दैनन् । विद्यालयमा तीन जना अपांगता भएका विद्यार्थी अध्ययनरत छन्। उनीहरूका लागि अपांगतामैत्री शौचालय, कक्षाकोठा र शिक्षणको व्यवस्था छैन। सेनिटरी प्याडको उचित व्यवस्था नहुँदा केही महिनाअघि छात्रा शौचालय दुर्गन्धित भयो । त्यसपछि विद्यालयले शौचालयमा ताला लगाइदियो। छात्राहरूलाई शौच गर्न समस्या भयो । त्यस्तै, २०८० मा अंग्रेजी शिक्षक जयबहादुर थापाको सरूवा भएपछि पदपूर्ति भएको छैन, जसका कारण कक्षा ६ र ७ का विद्यार्थीले नियमित रूपमा अंग्रेजी पढ्न पाएका छैनन् । भएका शिक्षक पनि नियमित विद्यालय आउँदैनन्, पढाइभन्दा राजनीति बढी गर्छन् । सिर्जनाले उल्लिखित समस्या सुनाउँदै भनिन्, 'तपाईंसँग हाम्रा समस्या सुनाउने मौका मिल्यो, यहाँ (स्कुलमा) त मौखिक भनेर साध्य छैन, लेखेर दिनलाई गुनासो पेटिका छैन ।' बाल क्लबले केही सिर्जनात्मक काम गर्न खोज्दा पनि प्रोत्साहन र सहयोग नमिलेको उनले बताइन् । बाल क्लबले २०८१ असारमा कक्षाकोठा अगाडि फूलका बिरूवा रोपेको थियो । तर घेराबार नहुँदा गाई-बाखाले खाइदिए । सिर्जनाले दुखित हुँदै भनिन्, 'अब यस्तो गुनासो कसलाई, कसरी सुनाउनु ?' छेडागाड नगरपालिकाका कार्यपालिका सदस्यसमेत रहेका डिल्लीकुमार टमटा बाल माविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष छन् । उनले हामीसँग उल्टै गुनासो सुनाए । डिल्लीकुमारको भनाइ थियो, 'यहाँ शैक्षिक जनशक्ति र भौतिक पूर्वाधार नभएको होइन, तर विद्यालयमा त्यसको सही सदुपयोग भएको छैन । यो समस्या कसलाई भन्नु ?' कक्षाकोठा अभावमा एउटै बेन्चमा ५-६ जना विद्यार्थी बसेर पढिरहँदा २०८० मा बनेको नयाँ भवन प्रयोगविहीन अवस्थामा छ । दिवा खाजा बनाउन भान्सा घरसमेत छैन । सरकारी र निजी स्रोतका २२ जना शिक्षक-कर्मचारी भए पनि विद्यालयले अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न सकेको छैन । सरकारी कोटाको अंग्रेजी शिक्षक अझै राख्न सकिएको छैन । निजी स्रोतका शिक्षक-कर्मचारीलाई तलब खुवाउन सकिएको छैन । २०८० को एसइईमा सहभागी ८९ विद्यार्थीमध्ये २० जना मात्र पास भए । 'म आफै गुनासो सुन्ने कि सुनाउने दोधारमा पो छु,' अध्यक्ष डिल्लीकुमारले भने ।

*-सेतोपाटी डटकम*

# ‘कमल राष्ट्रिय सुकर्म पुरस्कार’ दुवाललाई



**पाल्पा,** जेठ २५/बरिष्ठ मुटु रोग विशेषज्ञ डा.प्रकाशराज रेग्मीले पिता स्व. कमलराज रेग्मीको स्मृतिमा स्थापित ‘कमल राष्ट्रिय सुकर्म पुरस्कार’ साहित्यिक पत्रकार मोहन दुवाललाई प्रदान गरिएको छ । शिक्षा स्वास्थ्य तथा साहित्य प्रतिष्ठान नेपाल पाल्पाले काठमाडौंमा एक औपचारिक कार्यक्रमकाबिच सो पुरस्कार दुवाललाई प्रदान गरेको हो ।

कार्यक्रमका प्रमुख अतिथि तथा मन्त्री परिषद्का पूर्व अध्यक्ष खिलराज रेग्मीले प्रतिष्ठानले प्रदान गरेको ५१ हजार पुरस्कारसहित सम्मानपत्रले पत्रकार दुवाललाई सम्मान गरेका हुन् । सम्मान गर्दै रेग्मीले नेपाली साहित्य क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्तिहरुलाई सम्मान गरेर प्रतिष्ठानले प्रशंसनिय कार्य गरेको बताए । उनले प्रतिष्ठानले गर्दै आएको कार्यक्रम र अभियानले राष्ट्रियस्तरमै पाल्पाको पहिचान बनाउन सफल भएको उल्लेख गरे । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष शिव अधिकारीले साहित्यले सामाजिकीकरणमा ठूलो प्रभाव पार्ने गरेको बताए । सम्मानित दुवाल शिक्षा, साहित्य, संस्कृति, लेखन, प्रकाशन, सम्पादन,समाजसेवा, पत्रकारिता र साहित्यको सेवामा छ दशकदेखि अनवरत सेवा गर्दै आएका छन् । दुवालको व्यक्तित्व, कृतित्व र योगदानमाथि साहित्यकार, समीक्षक डा. रामप्रसाद ज्ञवालीले चर्चा गरेका थिए । राजु सरकारद्वारा मोहन दुवालको वृत्तचित्र समेत प्रदर्शन गरिएको थियो । कार्यक्रममा कमल राज रेग्मीको परिचय र योगदानमाथि शिक्षाविद ,समाजसेवी बुद्धिप्रसाद शर्माले प्रकाश पारेका थिए । कवयित्री सरस्वती अर्यालले कमलराज रेग्मीद्वारा लिखित कविता वाचन गरेकी थिइन् । सोही अवसरमा कमलराज रेग्मीको स्मृतिमा जनमत वाङमय प्रतिष्ठान काभ्रेका लागि अक्षयकोष/पुरस्कार स्थापनाका लागि ३ लाखको चेक जनमतका अध्यक्षलाई हस्तान्तरण गरिएको थियो । यस्तै साहित्यकार दुर्गा अधिकारी भमरेकोटेद्वारा ‘सुसेली सम्मान’ स्थापनाका लागि ५० हजार राशीको अक्षयकोष प्रतिष्ठानका अध्यक्षलाई पनि प्रदान गरिएको छ । प्रतिष्ठानले दुर्गा अधिकारी भमरकोटेलाई विशिष्ट सदस्यता, मोहन दुवाल ,भारती श्रेष्ठ ,शान्ता शाक्य ,निलम गोंगल,रेणुका श्रेष्ठ, ऋषिकेशव धौवडेल,कृष्ण बहादुर के.सी.र राजभाइ प्रधानलाई आजीवन सदस्यता प्रदान गरेको छ । कार्यक्रममा सुसेली प्रवर्तक दुर्गा अधिकारी भमरकोटे ,तानसेन गुठीका अध्यक्ष प्रमी श्रेष्ठ , पुरस्कृत व्यक्तित्व मोहन दुवाल, प्रतिष्ठानका संरक्षक डा. प्रकाशराज रेग्मी लगायतले आ-आफ्ना धारणा राखेका थिए । प्रतिष्ठानका अध्यक्ष पुष्कर अथक रेग्मीको अध्यक्षता, उपाध्यक्ष रोहित प्रसाद ज्ञवालीको स्वागत, बिष्णु गुरूङको स्वागत गीत, दामोदर ढकाल दीपकको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# फ्रेन्च ओपन टेनिसको उपाधि कोको गौफलाई



**काठमाडौं,** जेठ २५/अमेरिकी खेलाडी कोको गौफले फ्रेन्च ओपन टेनिसको महिला एकलतर्फको उपाधि जितेकी छन् । रोलान्ड ग्यारोसमा हिजो भएको प्रतिस्पर्धात्मक फाइनल खेलमा गौफले बेलारुसकी नम्बर एक खेलाडी आर्यन सबालेन्कालाई हराउँदै उपाधि जितेकी हुन् । गौफले पहिलो सेट ६-७ ले गुमाए पनि त्यसपछि ७-५, ६-२ र ६-४ ले जितिन् । उनले फ्रेन्च ओपनको उपाधि जितेको यो पहिलो पटक हो। गौफको समग्रमा ग्रान्ड स्लाम उपाधि जीत यो दोस्रो पटक हो । यसअघि उनले सन् २०२३ मा यूएस ओपन जितेकी थिइन् ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से सामान्य अङ्कले घट्यो



**पाल्पा,** जेठ २५/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ । आइतबार नेप्से परिसूचक ११ दशमलव शून्य छ अङ्कले घटेर दुई हजार छ सय २९ दशमलव ८९ को बिन्दुमा कायम भएको हो ।

तीन सय १३ कम्पनीको एक करोड ९९ लाख ९२ हजार १८१ कित्ता शेयर ८६ हजार ६३६ पटक खरिदबिक्री हुँदा रु नौ अर्ब १३ करोड ७४ लाख १४ हजार ९१८ दशमलव ९३ को कारोबार भएको छ । जलविद्युत् समूह एक दशमलव २२ र होटल तथा व्यापार समूह शून्य दशमलव १२ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ एक दशमलव शून्य पाँच, विकास बैंक शून्य दशमलव शून्य छ, वित्त शून्य दशमलव ९१, लगानी शून्य दशमलव शून्य आठ र जीवन बिमा समूह शून्य दशमलव ७७ प्रतिशतले घटेको छ । उत्पादन तथा प्रशोधन शून्य दशमलव ७४, लघुवित्त शून्य दशमलव ७०, म्युचुअल फण्ड शून्य दशमलव १०, निर्जीवन बिमा शून्य दशमलव ९५, व्यापार शून्य दशमलव २३ र अन्य समूह शून्य दशमलव ९९ प्रतिशतले घटेको छ ।

कारोबारमा रिभर फल्स पावर लिमिटेड र पिअर इनर्जी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा सबैभन्दा बढी राधी विद्युत् कम्पनी लिमिटेडको रु ७२ करोड ९५ लाख १४ हजार ६६० बरबरको शेयर किनबेच भएको छ । कारोबार सङ्ख्याका आधारमा सबैभन्दा बढी ङादी ग्रुप पावर लिमिटेडको १५ लाख ४७ हजार ६४ कित्ता शेयर किनबेच भएको छ ।

# सरोकारवाला भन्छन्...

...रामपुर नगरपालिका प्रमुख रमण बहादुर थापाको स्वागत र प्रवक्ता कपिल बहादुर खाँणको सञ्चालनमा कार्यक्रम भएको थियो ।

कालीगण्डकी डाइभर्सनको २०७१ सालको नीति तथा कार्यक्रममा समावेश भएपछि चौतर्फी आलोचना भएको हो । २०७८ सालमा डाइभर्सनविरुद्ध सर्वोच्च अदालतमा रिट दायर भयो । रिट सर्वोच्चले खारेज गरिदिएपछि भने पुन: उक्त विवाद सुरु भएको हो । कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्देश्यीय आयोजनाअन्तर्गत कालीगण्डकी नदीको पानी डाइभर्सन गरी बुटवलको तिनाउ नदीमा झार्ने सरकारको योजना हो । आयोजना बन्यो भने पाल्पाको रम्भा गाउँपीलका-३, पिपलडाँडाको निकीचौर क्षेत्रमा कालीगण्डकी-तिनाउ डाईभर्सन बहुउद्देश्यीय आयोजनाको बाँध बाँधेर २७ किलोमिटर सुरुङ खनिने छ । सुरुङ पाल्पाकै तिनाउ गाउँपालिका-२ र ३ को दोभानमा पानी खसाल्ने संघीय सरकारको योजनामा छ । त्यहाँबाट अर्को ७ किलोमिटरको सुरुङ निर्माण गरी नहर बनाएर खेतीयोग्य जमिनमा पानी लगिने छ । पाल्पाकै दोभानमा प्रस्तावित पहिलो विद्युत्गृह र रूपन्देहीको बेलवासमा प्रस्तावित दोस्रो विद्युत्गृह बन्ने प्रारम्भिक योजना छ । यहाँबाट कुल १२६ मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्य सरकारको छ । बहुद्देश्यीय आयोजनाको मुख्य लक्ष्य रुपन्देही, कपिलवस्तुका जमिनमा सिँचाइ गर्ने भनिएको छ ।

# रुपन्देही र पाल्पाका...

...पालिकाका सीमा क्षेत्रका नदी वा खोलानालाको संरक्षण, नदीजन्य पदार्थको उत्खनन तथा उपयोगका सम्बन्धमा नदीको वहाबलाई सम्बन्धित पालिकाका विज्ञ प्रतिनिधि सम्मिलित संयुक्त समितिको प्रतिवेदनका आधार मा प्राविधिक विधिबाट व्यवस्थापन गर ी प्राकृतिक स्रोतको उपयोग गर्न यी पालिकाबीच सहमति भएको छ । पालिकाहरुका बीचमा सीमा विवाद, पूर्वाधार विकास तथा प्रशासनिक अन्योल समाधानका लागि संयुक्त संयन्त्र निर्माण गरी निरुपण गर्ने सहमति पनि छ वटा पालिकाले गरेका छन् । यस्तैगरी, सीमाक्षेत्रका सडक तथा अन्य पूर्वाधार विकासमा आवश्यकताअनुसार संयुक्त लगानी वा साझेदारी गर्न आवश्यक कार्य गर्ने, स्थानीय तहले निर्माण गर्नुपर्ने कानुन निर्माणका लागि यथाशीघ्र निर्माण गर्न आपसी समन्वय र सहकार्य गर्ने सहमति पालिकाका बीचमा भएको छ । यस्तै, यी छ पालिकाले पूर्वाधार विकास, विपद् व्यवस्थापन, दमकल तथा एम्बुलेन्स सञ्चालन, फोहरमैला विसर्जनस्थल वा प्रशोधन, तीनपाङ्गे सवारी सञ्चालन, पर्यटन प्रवर्द्धन, अन्तरपालिका भगिनी सम्बन्ध कायम राख्ने र असल अभ्यासको आदानप्रदान गर्ने सहमति पनि गरेका छन् । कृषिउपज तथा अन्य उत्पादनको सङ्कलन, भण्डारण र बिक्री वितरण गर्न आपसी साझेदारी गर्ने र अन्य समस्या वा अन्योलको समाधान गर्न एकमत हुने निर्णय भएको नगर प्रमुख पाण्डेयले बताए । पालिकाबीच भएको सहमतिलाई सबै पालिकाहरुले आगामी नीति तथा कार्यक्रम र बजेटमा उल्लेख गरी आवश्यक नीतिगत निर्णय गर्ने उनले बताए । उनले स्थानीय तहहरुका बीचमा आपसी समन्वय, सहकार्य र साझेदारी कायम राख्ने गरी हरेक वर्ष सबै पालिकाको सहभागिता र सहकार्यमा बुटवल उपमहानगरपालिकाले अन्तरपालिका समन्वय बैठक तथा अन्तरक्रियात्मक गोष्ठीको आयोजना गर्ने बताए । कार्यक्रमले स्थानीय तहहरुका बीचमा सहकार्य, समन्वय र साझेदारी गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने जिल्ला समन्वय समिति रुपन्देहीका प्रमुख उमाकान्त चपाईँले बताए । बुटवल र तिलोत्तमाका बीचमा धेरै विषयमा कैयौँ पटक छलफल गर्नुपर्ने र निकास निकाल्न कार्यक्रमले झनै प्रभावकारी बनाउने तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाँणले बताए । उनले बुटवलले थालेको यो अभ्यासले छिमेकी पालिकासँग सहकार्य र समन्वय गर्न सहज हुने बताए । शुद्धोदन गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद बस्यालले नदीजन्य पदार्थदेखि विकासका काममा छिमेकी पालिकाहरुकाबीचमा अन्योल हुने गरेको अवस्थामा बुटवलले थालेको पहल प्रभावकारी हुने बताए । उनले अन्य पालिकासँग समन्वय र सहकार्यको जरुरी रहेको बताए । तिनाउ गाउँपालिका पाल्पाका अध्यक्ष प्रेम श्रेष्ठले बुटवल र तिनाउका बीचमा पानीको स्रोतदेखि अन्य क्षेत्रको सहकार्य रहिआएको र बुटवलले यसै वर्षदेखि आपसी साझेदारीमा विशेष जोड दिएको बताए । उनले तिनाउबाट बुटवलमा पानी ल्याउने मुहान क्षेत्रको विकासका लागि दुई करोड विनियोजन गरेको र बुटवलसँगको सहकार्य अझ मजबुत बनेको उल्लेख गरे ।

*-रासस*


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


# डिप्रेसनका लक्षण

**मानसिक रूपमा:**

-उदास, निराश वा एक्लोपन महसुस गर्नु,
-कुनै पनि कुरामा चासो नलिनु वा कम हुनु,
-आत्मबल घट्नु वा आत्मग्लानि हुनु वा दोषी महसुस हुनु,
-निर्णय लिन नसक्नु वा कठिन हुनु,
- आत्महत्याका विचार आउनु,

**शारीरिक र व्यवहारिक लक्षणहरू:**

-निन्द्रा कम लाग्नु तथा सुत्न नसक्नु,
-भोक नलाग्नु वा अत्यधिक भोक लाग्नु,
-तौलमा परिवर्तन आउनु,
-सामान्य काममा थकान महसुस हुनु,
-पुरैशरीर दुख्नु वा शरीरका कुनै भागमा पीडा महशुस हुनु,
-सामाजिक गतिविधिमा चासो नहुनु,

यस्ता लक्षण देखिएमा चिकित्सकको परामर्श लिऔं।



लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई